# लक्ष्मीपुर पतारी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
### लक्ष्मीपुर पतारी, सिरहा
### प्रदेश नं. २, नेपाल

## औषधीजन्य मालसामानहरू खरिद सम्वन्धी शिलबन्दी दरभाउ-पत्र आह्वानको सुचना

प्रथम पटक पत्रिकामा सूचना प्रकाशन मिति २०७५।११।१७

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधी तथा सर्जिकल सामाग्री खरिद गर्न दरभाउ-पत्र आह्वानको सुचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले शिलबन्दी दरभाउ-पत्र पेश गर्न हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. पत्रिकामा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा रू. १०००।- (अक्षेरुपी एक हजार मात्र (पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगद वुझाई कार्यालय समयभित्र दरभाउ-पत्र खरिद गर्न सक्नेछन् । दरभाउ-पत्र खरिद गर्नको लागि निवेदकले नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्र र २०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न राखी रु १०।- को नगदी रसिद निवेदन साथ पेश गर्नुपर्नेछ ।

२. पत्रिकामा सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र दरभाउ-पत्र रीत पूर्वक भरी यस कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको दरभाउ-पत्रहरू सोही दिनको २:०० बजे दरभाउ-पत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । दरभाउ-पत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि सिलवन्दी दरभाउ-पत्र खोल्न बाधा पर्नेछैन । दरभाउ-पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो सम्बन्धि कार्य तत्पश्चात कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. सिलवन्दी दरभाउ-पत्र दर्ता गर्दा जमानत वापतको रकम ४३,०००।- (त्रिचालीस हजार) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, शाखामा रहेको धरौटी खाता नं. २१३०३०३००७१११ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा ७५ दिन म्याद भएको (दरभाउ-पत्र दर्ता गर्ने अन्तिम मिति देखि) मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी दरभाउ-पत्र साथ पेश गर्नुपर्नेछ । दरभाउ-पत्रदाताको दरभाउ-पत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५% वरावरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नैपर्ने वा यस कार्यालयको नाममा जारी भएको पर्फरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

४. दरभाउ-पत्रदाताले कबुल गरेको प्रत्येक आइटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । दरभाउ-पत्र फाराममा केरमेट भएको ठाउँमा सहीछाप नगरेको पाइएमा मान्यता दिईने छैन ।

५. दरभाउ-पत्रदाताले आफुले खरिद गरेको दरभाउ-पत्र शिलवन्दी गरी दर्ता गराउनु पर्नेछ । फोटोकपी गरी पेश गरेको दरभाउ-पत्रलाई मान्यता दिईने छैन । यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउ-पत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै दरभाउ-पत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन । रीत नपुगेको दरभाउ-पत्र उपर कुनै कारवाही गरिने छैन ।

६. दरभाउ-पत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समय अवधि भित्र एकमुष्ट माग गरेको औषधी बुझाउनु पर्नेछ र केही अंश अथवा सम्पुर्ण सामग्री नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन/नियमावली वमोजिम कारवाही हुनेछ । सम्पुर्ण करहरु दरभाउ-पत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

७. सप्लाई गरिने औषधी WHO GMP सर्टिफिकेट प्राप्त कम्पनीहरुवाट उत्पादित भएको हुनुपर्ने छ ।

८. दररेट उल्लेख गर्दा "मुल्य अभिवृद्धि कर बाहेकको" उल्लेख गर्नु पर्नेछ ।

९. दरभाउ-पत्र स्विकृत गर्दा प्याकेजको रुपमा गरिनेछ ।

१०. यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संसोधन २०७३) र सार्वजनिक खरिद नियमावली, २०६४ (पाँचौ संसोधन २०७३) तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

११. दरभाउ-पत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. दरभाउ-पत्र सम्वन्धी अन्य केही कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा वुझ्न सकिनेछ ।

| क्र.सं. | कार्य विवरण | फारम दस्तुर | लागत अनुमानित रकम | धरौटी रकम |
|---|---|---|---|---|
| १ | औषधी खरिद कार्य | रु.१,०००।- | १७,००,०००।- | ४३,०००।- |

प्रमुख प्रशासकिय अधिकृत